# मधेशी आयोग
ज्वागल, ललितपुर

फोन नं: ०१-५२६११८५
टोलफ्रि नं: १६६००११६१८५


मिति-२०७९/०८/२६

## प्रेश विज्ञप्ती

नेपाली किसानहरु विपुल समस्याहरुका माझमा पनि मुलुक लाई समुन्नतिको पथमा लैजान अहोरात्र कार्य गर्दै आएका छन्। यसैको परिणाम स्वरुप मुलुकको ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको २५% भन्दा बढी योगदान रहेको सर्वविदितै छ।

आ.व २०७९/०८० को लागि नेपाल सरकारद्धारा धानको खरिद मुल्य निर्धारण हुनु सकारात्मक पक्ष हो। तर मंसिरको अन्तिम समय सम्ममा पनि किसानको धान नेपाल सरकारका अंगिकृत अवयवहरुवाट खरिद नगर्नु कुनै पनि दृष्टिले सकारात्मक भन्न सकिदैन। आफ्नै प्रयासद्धारा उत्पादन गरिएका धानलाई दैनिक आधारभूत आवश्यकता पूर्ति गर्न कम मुल्यमा बिचौलियाहरुलाई धान बेच्नु पर्ने बाध्यात्मक अवस्था सृजना भएको छ। तसर्थ नेपाल सरकारले अविलम्ब किसानका सामुन्ने उपस्थित जटिल समस्या समाधान गर्न आयोग अपिल गर्दछ।

विगतमा कृषकहरुले भोगेका मल र उखुको समस्या आगामी दिनमा पुन: नदोहोरियोस भन्ने आयोगको चाहना हो । यसका लागि सरकार समयमै सजग र सतर्क हुनु आवश्यक छ। यसका अत्तिरिक्त उचित सरकारी संयन्त्र बनाई तिनै तहका सरकारहरुले उत्पादित कृषकका उत्पादनहरुलाई खरिद गरि वजार व्यवस्थापन र वितरणका लागि भरपर्दो अवस्था सृर्जना गर्न आयोग हार्दिक अपिल गर्दछ।

..............................
रुद्र प्रसाद लामिछाने
सचिव